स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'कोशेढुङ्गा' भदौ १२ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो। फिल्मले नयाँ गीत 'भँगेरा भँगेरी' सार्वजनिक गरेको हो। गीतमा प्रेमिप्रेमिकाले एकअर्कालाई जिस्काउँदै प्रेम साटेको देखाइएको छ। भँगेरा र भंगेरीको मायालाई बिम्ब बनाएर तयार गरिएको गीतमा बैंस साट्ने मायालु जोडीको कथा छ। रिदम कँडेल र बेनिशा पौडेलको स्वर रहेको गीतमा सङ्गीत रिदम कँडेलले दिएका छन्।

आजको विचार...



सुशासनमा...

(दुई पेजमा)

डा.तुल्सीराम भण्डारी

चर्चित फिल्म फ्रेन्चाइजी 'कबड्डी'को पाँचौ श्रृंखलाको छायांकन दशैं लगत्तै सुरु हुने भएको छ। निर्माता तथा निर्देशक रामबाबु गुरुङले अनलाइनखबरलाई यसबारे जानकारी दिए। उनका अनुसार दयाहाङ राई, मिरुना मगरसहितका शीर्ष कलाकारले निरन्तरता पाउनेछन्। 'शीर्ष कलाकार दोहोरिनेछन् भने बाँकी केही कलाकार हेरफेर हुनसक्छन्' गुरुङले भने। अभिनेता विजय बरालले पनि दशैं टीकाको भोलिपल्टदेखि नै आफूहरु छायांकन थलोमा जाने तयारी भैरहेको बताए।



❒ वर्ष ३१ ❒ अंक २१ ❒ २०८२ साउन २१ गते बुधबार 6 August 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# बाजा बजाएर आम्दानी गर्दै तेल्घाका महिला

कृष्ण पोखरेल

**पाल्पा,** साउन २०/महिलाले बाजा बजाएर आम्दानी गर्छन् भन्दा धेरैलाई पत्यार नलाग्न सक्छ तर तानसेनका महिलाहरुले बाजा बजाएरै मनग्य आम्दानी गर्न थालेका छन् । जिल्लाको तानसेन नगरपालिका- १० तेल्घाका महिलाहरुले बाजा बजाएर लाखौं कमाउने गरेका हुन् ।

यहाँका महिलाहरु समूहमा आवद्ध भई संस्कृतिको संरक्षणसँगै व्यवसायिक रुपमा बाजा बजाउने काम गर्ने गर्दछन् । ३ बर्ष अघिदेखि बाहुन समुदायका महिलाहरु मिलेर बाजा बजाउने काम गर्दै आएका छन । महिला बाजा समुहले एउटा कार्यक्रमको १५ हजार देखी ६० हजार सम्म सम्म पारिश्रमिक लिने गरेका छन् । बाजा




वार्षिक रुपमा समुहमा प्रति व्यक्ति तीन लाख सम्म आम्दानी हुने गरेको बाजा समुहकी अध्यक्ष ६० वर्षीया तारादेवी बस्यालले बताईन् । घरधन्दाको कामले मात्र जीवन विताउन कठिन भएपछि गाउँका महिलाहरुले सरसल्लाह गरेर बाजा बजाउन सिकेको उनको भनाई छ । बाजा बजाउने टिमको नेतृत्व हजुर आमा पुस्ताकी उनै बस्यालले गर्दै आएकी छन् । उनलाई साथ दिएकी छन् ६० बर्षीया कमला बस्यालले ।उनीहरुमा उमेर घर्केको महशुस नै छैन ।युवाको जस्तै जोश जागर साहस र हिम्मतका साथ सामाजिक चुनौतीहरुलाई चिर्दै बाजा झ्यालीले सबैलाई आकर्षित बनाउने गरेको छ । उनीहरुका बाजा जिल्ला भित्र मात्र होइन, गुल्मी र अर्घाखाँची रुपन्देही, स्याङ्जासम्म चर्चित बनेका छन् । बाजा बजाउँदा सबै तिरबाट हौसल्ला मात्रै पाएका छैनौं आम्दानी समेत राम्रै भएको समुहकी उपाध्यक्ष कमला बस्यालले बताईन् । शुरु शुरुका दिनमा बाजा बजाउने काममा ब्राहमण समुदायका महिलाहरु लागेको भन्दै विभिन्न ठाउँ-ठाउँमा कुरा काट्ने गरेको उनी सम्झन्छिन् । उनी भन्छिन् "मानिसले कुरा काटे पनि वेवास्ता गर्दै शुरु गरेको काम छोड्नु हुँदैन भनेर निरन्तर लागेकै कारण बाजा बजाउने काममा उनीहरु सक्रिय छन् । उनीहरुसँगै मञ्जु पन्थी, मन कुमारी न्यौपाने, भगवती भुसाल, तारा भट्टराई, सुष्मा बस्याल, सविता अधिकारी, खुमा पंगेनी, मञ्जु कंडेल, मिरा न्यौपाने र निरला शर्मा सहित १२ जना महिलाको टोलीले बाजा बजाउदै आएका छन् । पाल्पाका अधिकाश, कार्यक्रम, विवाह, महोत्सव, बार्षिक उत्सवदेखी विभिन्न मेला समारोहमा महिला बाजाको माग बढेपछी उनीहरुमा भ्याई नभ्याई छ । बाजा बजाउने महिलाहरुले एउटै पोशाक बनाएका छन् । महिलाले धंकुरी कर्नाल, सनाई, मर्चुङ्गा, बजाउँछन्, दमाहा, ढोलक, ट्याम्को, बजाउन सफल भएका छौं ।" पेशा प्रति खुसी र सन्तुष्टि मिलेको बस्याल बताउन्छिन् । निरन्तर मिहेनत र संघर्षको कारण अहिले तानसेन पाल्पाको महिला बाजा भनेर चर्चा कमाएका छन् । चर्चासँगै राम्रो आम्दानी, घरपरिवारको साथ र सहयोग भएपछि महिलाहरुमा काम प्रति हौसल्ला बढेको समुहकी कोषाध्यक्ष मञ्जु पन्थीले बताईन । परिवार, समाज र सरकारको सहयोगकै कारण तानसेनका महिलाहरु जोश, जागर र उत्साह बढेको छ, जसको कारण बाजाको माध्यमबाट महिलाहरुको आयआर्जनको बलियो माध्यम बनेको छ ।

## संक्षिप्त समाचार

### विस्फोट र भोकमरीका कारण २८ को मृत्यु

(रासस/क्युएनए)

**न्युयोर्क,** साउन २०/संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले इजरायली बमबारी र भोकमरीका कारण गाजा पट्टीमा दैनिक लगभग २८ बालबालिकाको मृत्यु भइरहेको घोषणा गरेको छ । गाजामा जहाँ छ सय ६० दिनभन्दा लामो समयदेखि युद्ध जारी रहेको छ । 'बमबारीबाट मृत्यु । कुपोषण र भोकमरीबाट मृत्यु । सहायता र महत्त्वपूर्ण सेवाहरूको अभावले मृत्यु भएको छ', युनिसेफले एक्समा गरेको पोस्टमा भनिएको छ, 'गाजामा, दैनिक औसत २८ बालबालिका- 'कक्षाकोठाको आकार'- मारिएका छन् ।' एजेन्सीले गाजाका बालबालिकाहरूलाई खाना, सफा पानी, औषधि र सुरक्षाको तत्काल आवश्यकतामा जोड दिँदै भनेको छ, 'कुनै पनि कुराभन्दा बढी, उनीहरूलाई युद्धविराम चाहिन्छ ।' इजरायली सेनाले मार्च २ देखि गाजाको सीमा नाकाहरू बन्द गरेको छ र सामान र सहायताको प्रवेश रोकेको छ । यसको परिणाम गाजा पट्टीमा अभूतपूर्व अनिकाल निम्त्याएको छ ।

## कक्षा १२ को मौका परीक्षा भदौ २८ र २९ मा



**पाल्पा,** साउन २०/राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को मौका परीक्षा भदौ २८ र २९ गते सञ्चालन गर्ने भएको छ । बोर्डले 'नन्ग्रेड' पाएका विद्यार्थीका लागि पूरक अर्थात् मौका परीक्षा सञ्चालन गर्ने भएको हो । दुई विषयमा 'नन्ग्रेड' पाएका वा बढीमा दुई विषयको परीक्षामा अनुपस्थित रहेका परीक्षार्थीले मौका परीक्षा दिन पाउने गरी व्यवस्था गरिएको छ ।

बोर्डले सोमबार प्रकाशित गरेको कक्षा १२ को नतिजा गत वर्षभन्दा सुधार भएको छ । गत वर्षभन्दा करिब नौ प्रतिशतले नतिजामा सुधार भएको पाइएको हो । यस वर्ष ६१ दशमलव १७ प्रतिशत विद्यार्थीले 'ग्रेड' (उत्तीर्ण) प्राप्त गरेका छन् । गत वर्षको नतिजामा ५२ दशमलव ९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । सार्वजनिक नतिजाअनुसार नियमिततर्फ तीन लाख ९६ हजार ३४७ विद्यार्थी परीक्षामा सहभागी भएकामा दुई लाख ४२ हजार ४६५ विद्यार्थीले ग्रेड प्राप्त गरेका छन् । यस्तै, आंशिकतर्फ एक लाख १४ हजार ६४० विद्यार्थी परीक्षामा सहभागी भएकामा ४१ हजार ८४० विद्यार्थी उत्तीर्ण भएका छन् । नियमिततर्फ ११ र आंशिकतर्फ छ गरी १७ विद्यार्थीको परीक्षा रद्द गरिएको गरिएको बोर्डले जनाको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## वर्षाको वितण्डा : पहिरोले सडक अवरुद्ध, खोलाले कार बगायो

**गुल्मी,** साउन २०/लगातारको वर्षापछि आएको बाढी-पहिरोले मंगलबार पाल्पा र गुल्मीको जनजीवन प्रभावित भएको छ । पहिरोले यहाँका दर्जनौं सडक अवरुद्ध बने भने खोलाले एक गाडी समेत बगाएको छ ।

आइतबारदेखि परेको अविरल वर्षाका कारण गएको पहिरोले पाल्पाका आधा दर्जन सडक अवरुद्ध बन्न पुगे । पहिरोले सिद्धार्थ राजमार्गको पाल्पा-बुटवल सडक खण्ड सोमबारदेखि अवरुद्ध बनेको थियो । राजमार्ग अन्तर्गत तिनाउ गाउँपालिका-३, सिद्धबाबा क्षेत्र आसपसका तीन स्थानमा पहिरो खसेकाले सडक अवरुद्ध बनेको हो । आइतबादेखि परेको अविरल वर्षाका कारण गएको ढुङ्गासहितको पहिरोले सोमबार साँझ





६ बजेदेखि सडक पूर्णरुपमा अवरुद्ध बन्न पुगेको हो । यस्तै पहिरोले तानसेन नगरपालिका -८ गौडेपुल, माथागढी गाउँपालिका -१ बुढीकोटस्थित आर्यभञ्ज्याङ-रामपुर, रैनादेवी छहरा गाउँपालिका-८ जुठास्थित जुठापौवा-सालझण्डी खण्डका सडक पनि पूर्णरुपमा अवरुद्ध भएका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## १२ कक्षाको नतिजाले दिएको सन्देश

राष्ट्रिय परीक्षा बोर्डले सोमबार कक्षा १२ को परीक्षाफल प्रकाशित गरेको छ । जसमा यो वर्ष ६१ दशमलव १७ प्रतिशत विद्यार्थी 'ग्रेडिङ' (उत्तीर्ण) मा परेका छन् । गत वर्षको तुलनामा यसपालि ९ दशमलव ०२ प्रतिशत विद्यार्थी उच्च शिक्षामा भर्नाका लागि योग्य भएका हुन् । गत वर्ष ५२ दशमलव १५ प्रतिशत विद्यार्थी मात्र 'ग्रेडिङ' मा परेका थिए । नतिजामा गत वर्षको तुलनामा सामान्य सुधार देखिए पनि सन्तोषजनक भने छैन् । नतिजाअनुसार ३ लाख ९६ हजार ३ सय ४७ परीक्षार्थीमध्ये २ लाख ४२ हजार ४ सय ६५ जना मात्र 'ग्रेडेड' भएका छन् । 'ननग्रेडेड' १ लाख ५३ हजार ८ सय ८२ परीक्षार्थीले तत्काल माथिल्लो तहमा भर्ना हुन पाउँदैनन् ।

यति धेरै विद्यार्थी उच्च शिक्षाका लागि अयोग्य हुनुमा विद्यार्थी स्वयंको मात्र कमजोरी पक्कै छैन । यस नतिजाले शिक्षक, विद्यालय, सरकारका साथै समग्र शिक्षा प्रणालीकै कमजोरी हो भन्ने कुराको संकेत गर्दछ । यस्तो केवल सुधार उन्मुखमात्रै देखिएको नतिजाले धेरै विद्यार्थीको उच्च शिक्षा पढ्ने अभिलाषालाई पूर्ति गर्न सक्दैन । परीक्षा दिएर पनि अनुत्तीर्ण रहेकाहरुको संख्यालाई हेर्दा सानो मान्न सकिँदैन । गत वर्षको तुलनामा ९ दशमलव ०२ प्रतिशतले विद्यार्थी सफल भए भनेर मख्ख पर्नुपर्ने अवस्था छैन् । अझै पनि धेरै विद्यार्थी उच्च शिक्षा पढ्नबाट बञ्चित हुनु अत्यन्त दुखको कुरा हो । नतिजा सुधार नहुँदा एकअर्कालाई दोषारोपण गर्ने प्रवृत्ति पनि छ । कसैले कक्षाकोठाको सिकाइ शैलीलाई दोष दिन्छन्, कोहीले प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षणमा समस्या औंल्याउँछन् । समस्या कहीं न कहीं पक्कै छ, सबैतिर पनि हुन सक्छ, तर गम्भीर भएर समस्या पहिल्याउन र समाधान गर्न कसैले अग्रसरता लिएको देखिदैन । जसका कारण धेरै विद्यार्थीहरुको भविष्य अन्यौलमा परेको छ । नतिजा सुधारका लागि सबैभन्दा महत्वपूर्ण पक्ष विद्यार्थीलाई पढाइमा आकर्षित गराई गुणस्तरी शिक्षा प्रदान गर्न सक्नु हो । त्यसमा शिक्षकको विषयविज्ञता, पढाउने शैली र भौतिक पूर्वाधार महत्वपूर्ण मानिन्छ । यसर्थ विद्यार्थीलाई पढ्ने व्यवस्था गरेर मात्र पुग्दैन, गुणस्तरीय शिक्षा दिन सक्नुपर्छ, जसका लागि शिक्षक, विद्यालय, सरकार सबै गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

पर्खाइ पनि तब मीठो हुन्छ जब कोही
आउने वा पाउने पूर्ण विश्वास हुन्छ ।
*(सुमन पाण्डेको फेसबुक स्टाटसबाट www.facebook.com/Suman.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुशासनमा स्खलन र बढ्दो जनआक्रोश, दोषी को ?



**डा.तुल्सीराम भण्डारी**

सुशासनले जनताको हितमा पारदर्शी, जवाफदेही, सहभागितामूलक, कानुनी शासनमा आधारित र प्रभावकारी ढंगले राज्य सञ्चालन गर्ने प्रणालीलाई जनाउँछ । यसले लोकतान्त्रिक मूल्य, मानव अधिकार, सामाजिक न्याय र विकासलाई संस्थागत गर्न मद्दत गर्छ । सुशासनका मुख्य स्तम्भहरूमा पारदर्शिता, उत्तरदायित्व, भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता, जनसहभागिता, निष्पक्षता, समावेशिता र कानुनी शासन पर्छन् । नेपालजस्तो विकासोन्मुख देशमा सुशासनको अभ्यासले जनताको जीवनस्तर उकास्न, सेवा प्रवाहमा सुधार ल्याउन र राज्यप्रति जनविश्वास बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ । व्यवहारमा यस्ता मूल्यलाई संस्थागत गर्न राजनीतिक इच्छाशक्ति, दक्ष प्रशासन र नागरिक जागरण आवश्यक हुन्छ । नेपालमा सुशासनका आधारभूत सिद्धान्त (पारदर्शिता, जवाफदेहिता, कानुनी शासन, नागरिक सहभागिता र निष्पक्षता) बिस्तारै कमजोर बन्दै गएका छन् । यसको कारण राजनीतिक अस्थिरता, संस्थागत कमजोरी र भ्रष्टाचारको व्यापकता हो, जसका उदाहरण प्रस्ट देखिन्छन् । नेपालमा सार्वजनिक सेवा, योजना निर्माण, बजेट खर्च र सरकारी खरिद प्रक्रियामा भ्रष्टाचार व्यापक छ । जस्तै : २०७७ मा कोभिड १९ को समयमा स्वास्थ्य सामग्री खरिदमा करोडौँको अनियमितता देखिएको थियो तर दोषीहरू अहिलेसम्म उन्मुक्त छन् । यो घटनाले पारदर्शिता र जवाफदेहिताको गम्भीर ह्रास देखाउँछ । राजनीतिक दलहरूले कर्मचारीतन्त्र र न्यायपालिकामा समेत हस्तक्षेप गर्दा स्वतन्त्र निर्णय क्षमतामा ह्रास आएको छ । उच्च पदमा पदस्थापन हुँदा योग्यताभन्दा पार्टी नजिकका व्यक्तिलाई प्राथमिकता दिइन्छ, जसले निष्पक्षता र दक्षता दुवै कमजोर बनाउँछ । जनताका आधारभूत सेवाहरू (नागरिकता, राहदानी, स्वास्थ्य, शिक्षा आदि)मा सहज पहुँच सुनिश्चित गर्न नसक्नु सुशासनको असफलता हो ।

राहदानी विभागमा अत्यधिक भिड, प्रणालीको गडबडी र महिनौँसम्म राहदानी नपाइने अवस्था थियो । विकास योजनाहरूमा समयमै काम नहुनु, गुणस्तरहीन निर्माण र बजेट फजुल खर्च हुनु सुशासनमा ह्रासको संकेत हो । मेलम्ची खानेपानी आयोजना दशकौँमा पूरा भएको छ र बारम्बार लागत बढ्नु प्रशासनिक असक्षमता र राजनीतिक हस्तक्षेपको परिणाम हो । न्यायालयहरूमा राजनीतिक दबाब, ढिलो निर्णय र शक्तिशाली व्यक्तिहरूको पक्षमा फैसला हुँदा सर्वसाधारणमा विश्वास गुमेको छ । ठूला घोटालामा संलग्नहरूलाई कारबाही नहुनु (जस्तै : बलात्कार, सुन तस्कर प्रकरण) ले न्यायिक स्वतन्त्रता र कानुनी शासन कमजोर भएको देखाउँछ । अत: यी उदाहरणले पुष्टि गर्छन्, नेपालमा सुशासनको ह्रासले शासन प्रणालीमाथि जनविश्वास घटाउँदै लगेको छ । जबसम्म राजनीतिक नेतृत्वमा पारदर्शिता, कर्मचारीतन्त्रमा जवाफदेहिता र नागरिक तहमा सक्रियता कायम गरिन्न, तबसम्म सुशासन केवल नारा र दस्ताबेजमा सीमित रहनेछ ।

**राज्य संयन्त्र :** राज्य संयन्त्र भन्नाले राज्य सञ्चालनका लागि आवश्यक प्रमुख अंगहरू ( विधायिका, कार्यपालिका र न्यायपालिका) लाई बुझिन्छ । यी संयन्त्र संविधानद्वारा तोकिएको अधिकार र कर्तव्य अनुसार सञ्चालन हुनुपर्छ । राज्य संयन्त्रको मूल उद्देश्य जनताको सेवा, सुरक्षाको प्रत्याभूति, विकास कार्यान्वयन र न्याय प्रवाह गर्नु हो । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससँगै राज्य संयन्त्रहरू तीन तह ( संघ, प्रदेश र स्थानीय)मा विस्तारित छन्, जसले सत्ता विकेन्द्रीकरण, जनसहभागिता र सुशासन प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ । यद्यपि व्यवहारमा यी संयन्त्रमा शक्ति संघर्ष, राजनीतिक हस्तक्षेप, दक्षता अभाव र उत्तरदायित्वहीनता जस्ता समस्या देखिएका छन्, जसले जनताको विश्वास कमजोर बनाएको छ । राज्य संयन्त्रहरूको प्रभावकारिता, पारदर्शिता र समन्वय अभिवृद्धिबाट मात्र समावेशी र न्यायपूर्ण राज्य निर्माण सम्भव हुन्छ । यद्यपि व्यवहारमा यी संयन्त्रमा समन्वयको कमी, शक्ति संघर्ष, भ्रष्टाचार, राजनीतिक हस्तक्षेप र उत्तरदायित्वहीनता जस्ता समस्याले सुशासनमा बाधा पुर्‍याएका छन् । राज्य संयन्त्रलाई प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउन कानुनी व्यवस्था मात्र होइन राजनीतिक इच्छाशक्ति र संस्थागत सुधार अपरिहार्य छन् । नेपालमा राज्य संयन्त्र क्रमश: कमजोर बन्दै गएको छ । विधायिका, कार्यपालिका र न्यायपालिकाबिच शक्ति पृथकीकरणको सिद्धान्त भए पनि व्यवहारमा ती संयन्त्रमा आपसी समन्वयको अभाव र शक्ति संघर्ष बढ्दो छ । राजनीतिक हस्तक्षेप, दलगत भागबन्डा, प्रशासनिक अकर्मण्यता र भ्रष्टाचारले राज्य संयन्त्रको कार्यक्षमता खस्किएको छ । कर्मचारीतन्त्रमा राजनीतिक आस्थाका आधारमा नियुक्ति र पदोन्नति हुने प्रवृत्तिले व्यावसायिकता हराएको छ । त्यस्तै न्यायपालिका पनि विश्वसनीयता संकटको सामना गरिरहेको छ, जसले कानुनी शासनमा जनविश्वास घटाएको छ । नीतिहरू निर्माण भए पनि कार्यान्वयनमा कमजोरी, जनताको माग र समस्याप्रति संवेदनशीलताको अभाव तथा सेवा प्रवाहमा ढिलासुस्ती जस्ता कारणले राज्य संयन्त्र कमजोर भएको स्पष्ट देखिन्छ । जसले सुशासन, विकास र लोकतान्त्रिक मूल्यहरूमा प्रत्यक्ष असर पुर्‍याएको छ । नेपालमा कमजोर राज्य संयन्त्रले सामाजिक, आर्थिक, राजनीतिक र विकासगत समस्याहरू सिर्जना गरेको छ जसले देशको समग्र प्रगति अवरुद्ध बनाएको छ । कमजोर कार्यपालिका र प्रशासनिक संयन्त्रका कारण नागरिकले आधारभूत सेवा जस्तै नागरिकता, राहदानी, स्वास्थ्य सेवा, शिक्षामा समयमै सुविधा पाउन सक्दैनन् । जस्तै : पासपोर्टको माग अत्यधिक हुँदा आवेदन लिएर महिनौँसम्म राहदानी नपाउनु सामान्य घटना भएको थियो । राजनीतिक हस्तक्षेप र कमजोर अनुगमनका कारण सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार मौलाएको छ । जस्तै : कोरोना महामारीका बेला स्वास्थ्य सामग्री खरिदमा देखिएको अनियमितता जसमा अर्बौं खर्चिए पनि जनताले गुणस्तरीय सेवा पाउन सकेनन् । योजना निर्माण र कार्यान्वयनमा समन्वय र क्षमताको अभावले गर्दा बजेट खर्च हुन नसक्ने, काम अलपत्र रहने समस्या देखिन्छ । जस्तै : मेलम्ची खानेपानी आयोजना दशकौँसम्म अलपत्र रहनु कमजोर राज्य संयन्त्रको ज्वलन्त उदाहरण थियो । न्यायपालिकाको स्वायत्तता कमजोर हुँदा शक्तिशाली व्यक्तिहरू दण्डहीन रहन्छन् भने सर्वसाधारणले न्याय पाउन लामो समय पर्खिनुपर्छ । जस्तै : पूर्वप्रधानन्यायाधीशविरुद्धको महाअभियोग प्रस्ताव लामो समय निष्क्रिय रहनु न्याय संयन्त्रमा भएको राजनीतीकरणको संकेत हो ।

**राजनीतिक अस्थिरता र जनअसन्तोष :** राजनीतिक दलहरूबिचको सत्तासंघर्ष, बारम्बार सरकार परिवर्तन र जनताका मुद्दाको बेवास्ता हुँदा शासनप्रणाली अस्थिर बन्छ । जस्तै : पाँच वर्षभित्र तीनपटक प्रधानमन्त्री परिवर्तन हुनुले राज्य संयन्त्रको अस्थिरता र कार्यक्षमताको अभाव दर्शाउँछ । कमजोर राज्य संयन्त्रले दलित, महिला, जनजाति, सानाकिसान आदिको आवाज सुन्ने संयन्त्र निर्माण गर्न असफल भएको छ । जस्तै : विकास आयोजना सञ्चालनमा प्रभावित समुदायको उचित पुनर्स्थापना र मुआब्जा नपाइनु । अत: कमजोर राज्य संयन्त्रले सेवा प्रवाहमा अवरोध, भ्रष्टाचार, विकासमा ढिलाइ, न्यायमा अन्याय र सामाजिक असमानता उत्पन्न गरेको छ । यी समस्या समाधानका लागि राज्य संयन्त्रहरूलाई दक्ष, पारदर्शी, जवाफदेही र जनमुखी बनाउनु अत्यावश्यक छ । नेपालमा पछिल्लो समय राज्य संयन्त्रको कमजोरी र सुशासनमा आएको ह्राससँगै नागरिकस्तरमा गहिरो जनआक्रोश विकसित भइरहेको छ । विधायिका, कार्यपालिका, न्यायपालिका तथा कर्मचारीतन्त्रले जनअपेक्षा अनुसार सेवा, सुरक्षा र न्याय दिन नसक्दा नागरिकमा राज्यप्रति अविश्वास र असन्तुष्टि बढ्दै गएको छ । भ्रष्टाचार, दण्डहीनता, ढिलासुस्ती, पहुँचविहीनता र राजनीतिक स्वार्थपूर्तिमूलक निर्णयहरूले गर्दा सर्वसाधारणको आक्रोश सामाजिक सञ्जाल, सडक प्रदर्शन, नागरिक आन्दोलनका रूपमा अभिव्यक्त हुन थालेको छ । जनआक्रोशका केही उदाहरणका रूपमा 'इनफ-इज-इनफ' आन्दोलन २०२० ले कोभिड महामारीको समयमा राज्य संयन्त्रको असक्षमता र अपारदर्शिताको विरोधमा युवाहरूको संगठित आवाज उठाएका थिए । त्यस्तै न्याय क्षेत्रमा देखिएको संकट, जसमा प्रधानन्यायाधीशविरुद्ध जनआन्दोलन र विरोध कार्यक्रमहरू सञ्चालन हुनु न्यायप्रणालीमाथिको आक्रोशको संकेत हो । राहदानी, नागरिकता, शिक्षा, स्वास्थ्य सेवा र घुसखोरी विरुद्धका स्थानीय आन्दोलन पनि जनआक्रोशका विभिन्न रूप हुन् । यस्ता आन्दोलनले देखाउँछन् कि जब राज्य संयन्त्र निष्प्रभावी हुन्छ र सुशासनको मर्ममा क्षय आउँछ तब जनताको सहनशीलता समाप्त भई सशक्त विरोध, असहयोग र विश्वासको संकट उत्पन्न हुन्छ । समयमै यी संकेतलाई सम्बोधन गरिएन भने राजनीतिक अस्थिरता, सामाजिक विद्रोह र लोकतान्त्रिक प्रणालीमै संकट उत्पन्न हुन सक्छ । अत: राज्यले जनआवाज सुन्ने, जवाफदेही बन्ने र सुशासन प्रत्याभूत गर्ने संयन्त्रहरू सुदृढ गर्न तुरुन्त कदम चाल्न आवश्यक छ ।

**दोषी को ?** नेपालमा कमजोर राज्य संयन्त्र, सुशासनमा ह्रास र बढ्दो जनआक्रोश संस्थागत कमजोरीहरूको समष्टिगत परिणाम हो । तथापि विश्लेषण गर्दा केही प्रमुख पक्ष स्पष्ट रूपमा देखिन्छन् । राजनीतिक दल र नेताहरू नीतिभन्दा स्वार्थलाई प्राथमिकता दिने, सत्ता प्राप्तिमा केन्द्रित हुने र शासन व्यवस्थालाई दलगत भागबन्डाको माध्यम बनाउने प्रवृत्तिले राज्य संयन्त्रलाई कमजोर बनाएका छन् । जस्तै : ठुला राजनीतिक दलहरूले कर्मचारी नियुक्ति, न्यायिक हस्तक्षेप, बजेट वितरणमा आफ्नो कार्यकर्तालाई प्राथमिकता दिँदा दक्षता र निष्पक्षता हराएको छ । प्रशासनिक संयन्त्रले भ्रष्टाचार, ढिलासुस्ती, सेवामा लापरवाही र जनतासँग दुर्व्यवहार गर्ने संस्कार विकास गरेको छ ।

राजनीतिक दबाबलाई स्वीकृत गर्दै आफ्नो पेसागत स्वतन्त्रता त्याग्नु र अनियमिततामा संलग्न हुनु गम्भीर समस्या हो । न्यायपालिकामा देखिएको भरोसा संकट, ढिलो न्याय र शक्तिशालीलाई उन्मुक्ति दिने प्रवृत्तिले कानुनी शासन कमजोर बनाएको छ । जस्तै : ठुला भ्रष्टाचार वा मानव अधिकार उल्लंघनका मुद्दामा उच्चपदस्थहरू दण्डित नहुनु । यद्यपि नागरिक समाजले जनचेतना फैलाउने काम गर्दै आएको छ, कतिपय मिडिया र संगठनहरू पनि पार्टीसँग नजिकिएर पूर्वाग्रही व्यवहार गर्ने वा मौन रहने प्रवृत्तिका कारण दोषबाट अछुतो छैनन् । नागरिकले चुनावमा क्षमतावान् नेतृत्वभन्दा परिचय र पैसा हेरेर मतदान गर्नु, अनियमितता चुपचाप सहनु तथा आफैँले घुस लिनुदिनुजस्ता व्यवहारले पनि प्रणाली बिग्रिन सहयोग पुर्‍याएको छ । अत: नेपालमा राज्य संयन्त्र कमजोर हुनु, सुशासनमा ह्रास आउनु र जनआक्रोश बढ्नु राजनीतिक दलहरूको असफल नेतृत्व प्रमुख कारण हो । त्यसैगरी कर्मचारी तन्त्र, न्यायपालिका, नागरिक समाज र स्वयं नागरिकको भूमिकालाई पनि उपेक्षा गर्न मिल्दैन । यो समस्या समाधान गर्न संस्थागत सुधार, नैतिकवान् नेतृत्व र नागरिक चेतना तीनवटै पक्ष एकसाथ जिम्मेवार बन्नु अपरिहार्य छ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खर्चमा नियन्त्रण राख्नुहोस्।सहयोग नमिल्नाले मनोबल कमजोर रहला। | **तुला** : वादविवादको सम्भावना रहेको छ। आफ्नो निजी कार्य भोलिलाई नटाल्नुहोस्। |
| **वृष** : शैक्षिक क्षेत्रमा अड्किएका कार्य बन्नेछन्। इष्टमित्रहरूबाट पूरा सहयोग मिल्नेछ। | **वृश्चिक** : दाम्पत्य जीवन सुमधुर रहनेछ। रोकिएका कार्यहरू पुन: प्रारम्भ हुनेछन्। |
| **मिथुन** : शिक्षाको क्षेत्रमा बाधा आउनेछ। अरुका लागि बुद्धि र धन खर्च गर्नुपर्ला। | **धनु** :चुनौतीहरूको सामना गर्नुपर्ला। लेनदेनले आपसी सम्बन्धमा तनाव आउला। |
| **कर्कट** : चलिरहेको मतभेद सुल्झिनेछ। आफन्तहरूको साथ र सहयोग पाइएला। | **मकर** : विश्वास पात्रबाट दु:ख पाइएला। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। |
| **सिंह** : आफ्नो योजनाहरु गुप्त राख्नुहोस्। प्रतिद्वन्दीहरू फाइदा उठाउन सक्नेछन्। | **कुम्भ** : अप्ठ्यारा कार्य पनि सजिलै सम्पादन हुनेछन्। पिताको सहयोग मिल्नेछ। |
| **कन्या** : आत्मविश्वासमा कमि आउनेछ। रोजगारका नयाँ अवसरहरू फेला पर्नेछन्। | **मीन** : भाग्यको राम्रो साथ मिल्नेछ। व्यापारमा राम्रो सफलता हात लग्नेछ। |

## कला मनोरञ्जन

# हंसिकाको वैवाहिक जीवन संकटमा



अभिनेत्री हंसिका मोटवानी र उनका श्रीमान् सोहेल खतुरिया विगत केही हप्तादेखि समाचारमा छन्। उनीहरूको विवाह कठिन चरणबाट गुज्रिरहेको खबर छ । एउटा मिडिया रिपोर्टले हंसिका र सोहेल छुट्टाछुट्टै बसिरहेको खुलासा गरेको छ । हिन्दुस्तान टाइम्सको रिपोर्ट अनुसार, उनीहरू विवाहको दुई वर्षदेखि छुट्टै बस्दै आएका छन् । सोही रिपोर्टमा, एक स्रोतलाई उद्धृत गर्दै हंसिका आफ्नी आमासँग बस्न थालेको र सोहेल आफ्ना आमाबाबुसँग सरेको भनिएको छ । रिपोर्टका अनुसार जब हंसिका र सोहेलले डिसेम्बर २०२२ मा विवाह गरे, यो जोडी सुरुमा साहिलको परिवारसँग बस्दै आएका थिए । यद्यपि, ठूलो परिवारसँग घुलमिल हुन गाह्रो भएकोले पछि उनीहरू एउटै भवनको फ्ल्याटमा सरेका थिए । छुट्टै बसेपछि पनि दुवै बिचको समस्या समाप्त भएन । यद्यपि, सम्बन्ध विच्छेदको खबरमा अहिलेसम्म दुवैबाट कुनै प्रतिक्रिया आएको छैन । यसैबिच, हंसिकाले आफ्नो सामाजिक सञ्जालबाट आफ्नो पतिसँगको सबै तस्बिरहरू हटाएकी छन् । उनले विवाहको तस्बिरहरू पनि हटाएकी छन् । हंसिकासँग सोहेलको दोस्रो विवाह थियो । उनको पहिलो विवाह रिंकी बजाज नामकी महिलासँग भएको थियो । धेरै मिडिया रिपोर्टहरूमा, रिंकीलाई हंसिकाको साथीको रूपमा वर्णन गरिएको थियो र भनिएको थियो कि उनले आफ्नो साथीको पूर्व पतिसँग विवाह गरेकी थिइन् । तर अभिनेत्री आफैंले एक अन्तर्वार्तामा सोहेल उनको भाइको असल साथी रहेको उसलाई जबरजस्ती खलनायक बनाइएको बताएकी थिइन् । हंसिकाले टिभी उद्योगमा आफ्नो करियर बाल कलाकारको रूपमा सुरु गरेकी थिइन् । पछि, उनी हिन्दीबाहेक तमिल र तेलुगु फिल्महरूमा देखा परिन् । बाल कलाकारको रूपमा, उनको कार्यक्रम 'शाका लाका बूम-बूम' र 'देश में निकला होगा चाँद' धेरै लोकप्रिय छन् । साथै, उनले ऋतिक रोशनको फिल्म 'कोई मिल गया' मा काम गरेकी छिन् । १५ वर्षको उमेरमा, उनले अल्लु अर्जुनको अपोजिटबाट आफ्नो फिल्मी करियर सुरु गरिन् । उनी तेलुगु फिल्म 'देसामुदुरु' मा मुख्य भूमिकामा थिइन् । यसबाहेक, उनी धेरै म्युजिक भिडियोहरूको अनुहार पनि बनेकी छिन्। उनी अन्तिम पटक तेलुगु नृत्य रियालिटी शोमा निर्णायकको रूपमा देखिएकी थिइन् । *-रातोपाटी डटकक*

# अपेक्षित नचलेको हो प्रकाश सपुतको 'नाइँ भनेसी नाइँ'?




गायक तथा अभिनेता प्रकाश सपुतले गत शुक्रबार राती नयाँ गीत 'नाइँ भनेसी नाइँ' सार्वजनिक गरे । आफ्नो पाँच वर्षअघिको गीत 'बदला बरिलै' को दोस्रो भागका रूपमा उनले यो गीत ल्याएका हुन् । आफ्ना प्राय: गीतबाट चर्चा पाउँदै आएका प्रकाश पछिल्लो समय फिल्ममा व्यस्त बनेपछि सांगीतिक क्षेत्रबाट केही सुस्ताएका थिए । उनले झन्डै एक वर्षयता म्युजिक भिडिओ ल्याएका थिएनन् । जसका कारण पनि उनको पछिल्लो गीतलाई थप प्रतीक्षित मानिएको थियो । तीजविशेष गीत 'नाइँ भनेसी नाइँ' लाई लिएर रिलिजअघि चर्चा समेत भएको थियो ।


खासगरी अभिनेत्री रेखा थापाले अभिनय गरेका कारण पनि रिलिजअघि यसको थप चर्चा थियो । किनकि यो रेखाको करिअरकै दोस्रो म्युजिक भिडिओ हो । यो गीतको भिडिओलाई सोमबार दिउँसोसम्म युट्युबमा ४ लाख ५० हजारभन्दा बढी पटक हेरिएको छ । बजारमा आइरहेका गीतको तुलनामा यसको भ्युज राम्रो भए पनि प्रकाश सपुतको सन्दर्भमा भने यो अपेक्षित होइन । यसअघि उनका थुप्रै गीतले रिलिजसँगै चर्चा पाउनुका साथै २४ घण्टामै १० लाख बढी भ्युज पाएका थिए । 'सकम्बरी' गीतकै कुरा गर्दा यसले रिलिजको २४ घण्टामा १० लाख बढी भ्युज पाएको थियो भने रिलिजको एक सातामा युट्युबमा एक करोडभन्दा बढीपटक हेरिएको थियो । प्रकाशका विगतका गीतको तुलनामा अहिलेको गीतको प्रारम्भिक चर्चा र भ्युज अपेक्षित नदेखिएको हो । यद्यपि, गीतलाई लिएर आएका प्रतिक्रिया भने सकारात्मक छन् । अधिकांशले गीत सन्देशमूलक रहेको भन्दै खुलेर प्रशंसा गरेका छन् । यो गीतमा आफ्नो शरिरमा आफ्नै अधिकार हुन्छ भन्ने सन्देश दिन खोजिएको छ । यसमा प्रकाशले जबरजस्तीकरणी विरूद्धको आवाज उठाएका छन् । 'नाइँ भनेसी नाइँ' मा शब्द तथा संगीत प्रकाश सपुतको छ भने स्वर समीक्षा अधिकारी र एलिना चौहानले दिएका छन् । भिडिओमा रेखासहित सिम्रन खड्का, संजोग रसाइली, प्रकाश सपुतलगायत छन् । प्रकाश यतिबेला संगीतभन्दा फिल्ममा बढी व्यस्त छन् । दसैंको फूलपातीमा उनी अभिनीत दुई फिल्म 'माइतीघर' र 'हरिबहादुरको जुत्ता' एकैदिन रिलिज हुँदैछन् । *-सेतोपाटी डटकम*

# अदिती लण्डनको क्रिकेट रंगशालामा के गर्दैछिन् ?



मोडल तथा अभिनेत्री अदिती बुढाथोकी केही सातायता लण्डनमा ब्यस्त छिन् । त्यहाँबाट उनले क्रिकेट हस्तीहरूसँग गफगाफ गर्दै गरेका भिडियो र फोटो सेयर गरिरहेकी छन् । यसबाहेक, घुमघामका आकर्षक फोटो पनि देख्न पाइन्छ । उनले क्रिकेट हस्तीहरू ब्रेट ली, सुरेश रैना, क्रिस गेलसँग कुराकानी गरेका रमाइला भिडियो पनि सामाजिक संजालमा सेयर गरिरहेकी छन् । उनका यी फोटो र भिडियोलाई प्रशंसकले रुचाइरहेका छन् । यस्तोमा, धेरैले कौतुहलता व्यक्त गरिरहेका छन्, आखिर अदिती लण्डनको क्रिकेट रंगशालामा के गर्दैछिन् ? अदिती उक्त क्रिकेट प्रतियोगिता डब्लुसीएल २०२५ की अफिसियल डिजिटल प्रिजेन्टर हुन् । उनको भूमिका क्रिकेटका दिग्गजसँग विशेष अन्तर्वार्ता लिने, सामाजिक सञ्जालका लागि आकर्षक सामग्री सिर्जना गर्ने र प्रतियोगिता हुने अन्य गतिविधिलाई दर्शकमाझ ल्याउनु हो । उनले ब्रेट ली, सुरेश रैना र क्रिस गेलजस्ता क्रिकेट स्टारहरूसँग अन्तर्क्रिया गर्ने, उनीहरूलाई प्रश्न सोध्ने र आफ्ना फ्यानलाई अनुभव साझा गर्ने गरेको देखिन्छ । डिजिटल प्रस्तुतकर्ताको रूपमा अदितीले आफ्नो उद्देश्य क्रिकेटको परम्परागत विगत र यसको आधुनिक डिजिटल दर्शकबीचको खाडललाई कम गर्नु रहेको बताएकी छन् । जसले गर्दा युवा प्रशंसकलाई अझ पहुँचयोग्य र रमाइलो बनाउन सकिने उनको अपेक्षा छ । अनमोल केसी स्टारर नेपाली फिल्म 'कृ'बाट नेपाली फिल्ममा डेब्यु गरेकी अदितीले पछिल्लोपटक होमप्रोडक्सन फिल्म 'बाबरी'मा अभिनय गरेकी थिइन् । सन् २०१९ मा उनी अमेजन प्राइमको वेबसिरिज 'इनसाइड एज २'मा पनि देखिएकी थिइन् । पछिल्लो समय अदिती भारतमा रहेर मोडलिङ र विज्ञापन फिल्महरूमा ब्यस्त छिन् । *-अनलाइन खबर डटकम*

# धीरज र उपासनाको वियोग झल्काउने 'जलाकी' पोस्टर



गत वर्षको सफल फिल्म 'खुस्मा'का निर्देशक अशोक थापा मगर अब दोस्रो फिल्मको रुपमा 'जलाकी' निर्माण गर्दैछन् । गत चैत्रमा केही प्रतिशत छायांकन भइसकेको फिल्मको दोस्रो चरणको छायांकन आगामी असोज २१ गतेबाट सुरु गर्ने तयारी गरिएको छ । फिल्ममा 'खुस्मा'कै जोडी धीरज मगर र उपासना सिंह ठकुरी दोहोरिएका छन् भने सोनम तोप्देनको पनि मुख्य भूमिका रहनेछ । सोमबार फिल्मको दुईवटा पोस्टर सार्वजनिक गरिएको छ, जसमा धीरज र उपासना चित्रित छन् । एउटामा उनीहरु रोमान्टिक देखिएका छन् भने अर्कोमा भावुक मुद्रामा प्रस्तुत छन् । यसले फिल्ममा उनीहरुको प्रेम सम्बन्धमा आउने उतारचढावलाई संकेत गर्छ । 'जलाकी' शब्दले मगर समुदायको आस्थाको प्रतिक मानिने ढुङ्गाले चिनेको स्तम्भलाई बुझाउँछ । त्रिकोणात्मक प्रेमकथामा आधारित रहने फिल्ममा शिल्पा मास्के, माओत्से गुरुङ, बुद्धि तामाङ, अस्तित्व भट्टचन, संगीता थापा मगर, खड्क बहादुर पुन (खबपु) लगायतको पनि अभिनय रहनेछ । यो फिल्मबाट मिस सिक्किम साहारा हाङमा लिम्बूले डेब्यु गर्दैछिन् । नेपाल र दक्षिण कोरियामा गरेर फिल्मको तीन चरणमा छायांकन हुने जनाइएको छ । फिल्मका निर्माताहरुमा ओम घर्ति मगर, वीर बहादुर लामा, चन्द्र बहादुर भट्टचन, बेताने मगर (बबिता राना), मान बहादुर धनाह मगर र सुस्मिता बुढाथोकी रहेका छन् । फिल्ममा शैलेन्द्र डी कार्कीको डिओपी तथा एसडी योगी र सरित राईको संगीत रहनेछ । मगर र गुरुङ समुदायको संस्कृति र परम्परालाई झल्काइने भनिएको 'जलाकी'मा निर्देशक मगर स्वयंको लेखन रहेको छ ।

*-फिल्मी खबर डटकम*

# पाल्पामा अडानले मनायो २० औं स्थापना दिवस



**पाल्पा,** साउन २०/लेखापरीक्षकहरुको छाता संगठन नेपाल अडिटर्स एशोसिएशन (अडान) पाल्पा शाखाले २० औं स्थापना दिवस मनाएको छ । अडानले मंगलबार तानसेनमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरी दिवस मनाएको हो ।

कार्यक्रममा लेखा व्यवसायलाई कसरी व्यवस्थित बनाउने, सरकारले ल्याएको आर्थिक वर्ष २०८२/०८३ को बजेटमा कर सम्बन्धी भएका व्यवस्था, मौद्रिक नीतिले पार्ने प्रभाव लगायतका विषयमा व्यापक छलफल तथा अन्तर्क्रिया भएको थियो । कार्यक्रममा प्रमुख अतिथि करदाता सेवा कार्यालय पाल्पाका कर अधिकृत सन्तोष सुवेदीले जिल्लामा रहेका रिजस्टर लेखापरीक्षकहरुले गरेको कार्य अत्यन्तै प्रभावकारी भएको बताए । उनले जिल्लाका लेखापरीक्षकहरु सबै सक्षम र राज्यका कर प्रणालीका विषयमा जानकार भएकाले यहाँको कर असुलीमा कुनै पनि समस्या नभएको उल्लेख गरे । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य मोहन प्रसाद श्रेष्ठले नीजि क्षेत्रले करको माध्यमबाट सरकारको राजस्व असुलीमा महत्वपूर्ण योगदान गरेको बताए । जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष भूपति पाण्डेयले सहकारी संस्थाहरुको लेखा परीक्षणका क्रममा लेखा परीक्षकले गम्भीर भएर ध्यान दिए मात्र सहकारी संस्थाहरुमा देखिएको अपचलनको समस्याहरु कम हुँदै जाने धारणा व्यक्त गरे । कार्यक्रममा लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघका सचिव एवं अग्रज पत्रकार भट्टराई, नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपाने लगायतले सहकारी संस्थाहरुलाई लगाइएको कर वैज्ञानिक नभएको धारणा राख्दै लेखापरीक्षकहरु केवल लेखा परीक्षणमा मात्र नभएर, आर्थिक परामर्शदाताको रुपमा काम गर्नुपर्ने बेला आएको बताए । कार्यक्रममा अडान लुम्बिनी प्रदेश सह-सचिव विक्रम भट्टराई, केन्द्रीय प्रतिनिधी लीला अर्याल, दीवाकार अर्याल लगायत जिल्लाका पदाधिकारी एवं रजिस्टार लेखापरीक्षकहरुको सहभागिता रहेको थियो । अडान पाल्पाका अध्यक्ष राधेश्याम ज्ञवालीको अध्यक्षता, उपाध्यक्ष लक्ष्मण कोइरालाको स्वागत, कोषाध्यक्ष यज्ञप्रसाद श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## वर्षाको वितण्डा : पहिरोले...

...उता पहिरो जाँदा मदनभण्डारी राजमार्गअन्तर्गत रिडी-तम्घास सडक पनि बन्द हुन पुगेको थियो । उक्त सडकअन्तर्गत रुरुक्षेत्र गाउँपालिका-३ बाखेभीरमा पहिरो खसेपछि उक्त सडक अवरुद्ध भएको थियो । त्यसैगरी, मंगलबार बिहानदेखि अवरुद्ध बनेको कालीगण्डकी करिडोर, रिडी-वामीटक्सार र रिडी-खर्ज्याङ् सडक पनि बन्द हुन पुगे । पहिरोले अवरुद्ध सडक मंगलबार रातीसम्म केही सञ्चालनमा आएका छन् भने केही खुलाउने प्रयास भइरहेको छ । यस्तै निरन्तरको अविरल वर्षासँगै आएको बाढीले गुल्मीमा एउटा कार समेत बगाएको छ । सत्यवती गाउँपालिका -६ उर्लीखोला स्थित डहरेखोलाले बीएए ००१७ नम्बरको कार बगाएको हो । मंगलबार बिहान पौने १२ बजेको समयमा शान्तिपुरबाट बुटवलतर्फ जाँदै गरेको कारलाई डहरे खोलामा एक्कासी बढेको पानीको बहावले बगाएको स्थानीयले बताएका छन् । स्थानीयका अनुसार कार बगाएर ५० मिटर तल पु¥याएको थियो । स्थानीय र ट्याक्टरको सहायताले अहिले कार खोलाबाट बाहिर निकालिएको छ । कार पत्रकार घनश्याम गौतमको रहेको बुझिएको छ । उनी गुल्मी घरबाट बुटवल जाँदै गर्दा खोलाले बगाएको हो । गौतम भने सकुसल रहेका छन् । खोलाले बगाउँदा कारमा क्षति पुगे पनि मानविय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यहाँ पक्की पुलको अभावले यस क्षेत्रका नागरिकले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । वामिटक्सार र छिमेकी जिल्ला बाग्लुङबाट बुटवल छुटने सावरीसाधनहरू वर्षातको समयमा खोला बढ्दा बाटोमै घण्टौं कुरेर यात्रा गर्नुपर्ने बाध्यता छ । सडक सुचारु भएको वर्षौं बित्दा समेत डहरे खोलामा पुल निर्माण नहुँदा खोला तर्ने क्रममा सवारीसाधनहरू बगाउने समेत गरेको छ । यहाँ पुल निर्माणका लागि बजेट अभाव हुँदा गुल्मी क्षेत्र नम्वर १ का संघीय सांसद डा. चन्द्र भण्डारीले सरकार र सद्नमा समेत पटक-पटक ध्यानाकर्षण गराउँदै आएका छन् । आइतबारदेखि परेको अविरल वर्षाले डहरे खोलामा पानीको बहाव बढेकोले सडक समेत अवरुद्ध हुँदै आएको छ । अझै पानी परीराखे बाढी तल्लो बस्तीमा पस्ने जोखिम समेत देखिएको छ ।

## कक्षा १२ को...

...सबै विषयमा ग्रेड प्राप्त विद्यार्थीको सङ्ख्या दुई लाख ८४ हजार ३०५ विद्यार्थी रहेको छ । नियमिततर्फ ६१ दशमलव १७ र आंशिकतर्फ ३६ दशमलव ४९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । नतिजाअनुसार परीक्षामा सहभागी भएकाहरूमध्ये १३ हजार ५०२ जनाले तीन दशमलव ६१ देखि चार जिपिए, ५५ हजार ८९६ विद्यार्थीले तीन दशमलव २१ देखि तीन दशमलव ६० जिपिए र ९४ हजार २६८ विद्यार्थीले दुई दशमलव ८१ देखि तीन दशमलव २० जिपिए प्राप्त गरेका छन् । यसैगरी ६९ हजार ८१२ विद्यार्थीले दुई दशमलव ४१ देखि दुई दशमलव ८० र आठ हजार ९६४ विद्यार्थीले दुई दशमलव ०१ देखि दुई दशमलव ४० जिपिए ल्याएका छन् । २३ जनाले भने एक दशमलव ६१ देखि दुई जिपिए ल्याए । परीक्षा वैशाख २१ गतेदेखि सुरु भएको थियो । जेठ २ गतेसम्म सञ्चालन भएको परीक्षामा पाँच लाख १० हजार ९८७ परीक्षार्थी सहभागी भएका थिए ।

खेलकुद समाचार

## इङ्ल्यान्डमाथि भतरतको रोमाञ्चक जीत



**काठमाडौं,** साउन २०/भारतले अन्तिम तथा पाँचौं टेस्ट क्रिकेटमा घरेलु टोली इङ्ल्यान्डमाथि ६ रनको रोमाञ्चक जीत निकालेको छ । केनिङटन ओभलमा भारतले दिएको ३ सय ७४ रनको लक्ष्य पछ्याएको इङ्ल्यान्ड खेलको पाँचौं दिन खाना समयअघि ३ सय ६७ रन बनाउँदा अलआउट भयो । खेल शुरू गर्दा इङ्ल्यान्डले हातमा ४ विकेट हुँदा ३५ रन बनाउनुपर्ने थियो । तर इङ्ल्यान्डले २८ रन बनाउँदा ४ विकेट गुमायो । इङ्ल्यान्डका जो रुट र ह्यारी ब्रूकले शतक तथा बेन डकेटले अर्धशतक बनाए । भारतका मोहम्मद सिराजले ५, प्रसिद्ध कृष्णाले ४ र आकाश दीपले १ विकेट लिए । भारतले दोस्रो पारीमा यशस्वी जैसवालको शतक तथा आकाश दीप, रविन्द्र जडेजा र वाशिङ्गटन सुन्दरको अर्धशतकको मद्दतमा ३ सय ९४ रन बनाएको थियो । इङ्ल्यान्डका जोश टङ्गले ५, गस एट्किन्सनले ३ र जेमी ओभरटनले २ विकेट लिएका थिए । पहिलो पारीमा इङ्ल्यान्डले २ सय ४७ रन बनाएको थियो । यस्तै भारतले पहिलो पारीमा २ सय २४ रन बनाएको थियो । इङ्ल्यान्डमाथिको ६ रनको जीत टेस्टमा रनको हिसाबले भारतको सबैभन्दा सानो अन्तरको जीत हो । यसअघि भारतले अस्ट्रेलियामाथि १३ रनको जीत निकालेको थियो । यो जीतसँगै भारतले पाँच खेलको टेस्ट शृङ्खलामा २-२ को बराबरी गरेको छ । शृङ्खलाको पहिलो र तेस्रो खेल इङ्ल्यान्डले जितेको थियो । यस्तै तेस्रो खेल भारतले जित्दा चौथो खेल बराबरीमा सकिएको थियो ।

**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** साउन २०/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ४१ दशमलव ७८ अङ्कले घटेर दुई हजार ८३३ दशमलव ५७ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ४५ प्रतिशतको गिरावट हो ।

कारोबारमा ३२५ कम्पनीको दुई करोड २२ लाख सात हजार १४२ कित्ता शेयर एक करोड ३० लाख ९५३ पटक खरिदबिक्री हुँदा रू नौ अर्ब ३३ करोड ३९ लाख ८८ हजार ४८१ बराबरको कारोबार भएको छ । लघुवित्त समूह शून्य दशमलव ४४ र म्युचुअल फन्ड शून्य दशमलव १७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव ०८, विकास बैंक दुई दशमलव ४६, वित्त एक दशमलव ८५, होटल तथा पर्यटन शून्य दशमलव ९९, जलविद्युत् एक दशमलव ७१ र जीवन बिमा एक दशमलव ४२ प्रतिशतले घटेको छ । त्यसैगरी उत्पादन तथा प्रशोधन एक दशमलव ६३, निर्जीवन बिमा एक दशमलव २०, व्यापार एक दशमलव ८५ र अन्य समूह दुई दशमलव ७६ प्रतिशतले घटेको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

**स्तनपान गराऔं, बाल स्वास्थ्यमा सुधार गरौं ।**

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
-जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
-६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराओं,
-आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
-स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
-चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
-सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
-स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

विश्व स्तनपान सप्ताह सफल पारौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई